पृष्ठ ९ को बाँकी

## ६. छनोट प्रक्रिया सम्बन्धी जानकारी

विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को प्रभावका कारण धेरै सङ्ख्यामा विद्यार्थीहरू एकै ठाउमा उपस्थित भई प्रवेश परीक्षा लगायतका कार्यक्रम सञ्चालन गर्न परिस्थिति अनुकूल नदेखिएकोले शैक्षिक सत्र २०७७।०७८ को लागि मात्र छात्रवृत्ति तर्फको विद्यार्थी छनोट प्रक्रिया निम्नानुसार कायम गरिएको छ ।

क) सूचनामा तोकिएको समयभित्र रीतपूर्वकको अनलाइन आवेदन फाराम भरेका आवेदकहरूलाई मात्र छनोट प्रक्रियामा समावेश गराई प्रादेशिक स्तरमा प्रतिस्पर्धा गराइनेछ ।

ख) अनलाइनमा भरेको आवेदन परीक्षा नियन्त्रण कार्यालयबाट स्वीकृत भएपछि विद्यार्थीको भर्ना अनुमति पत्र तथा भर्ना अनुमति नम्बर कायम हुनेछ ।

ग) डिप्लोमा तथा प्रमाणपत्र तहको छात्रवृत्ति तर्फको सबै कार्यक्रमहरूको नतिजा तयारी, प्रकाशन सिफारिस गर्न प्रत्येक प्रदेश कार्यालयमा देहाय बमोजिमको उप समिति गठन गरिनेछ ।

अ) परिषद्को प्रदेश कार्यालय प्रमुख - संयोजक
आ) सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि - सदस्य
इ) सम्बन्धित प्रदेशका परिषद् कार्यालय प्रमुखले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

घ) परिषद् प्रदेश कार्यालयमा गठित उप-समितिले नतिजा प्रकाशन सम्बन्धी कार्य गर्न मितव्ययी रूपमा कार्यटोली गठन गर्न सक्नेछ ।

ङ) उप समितिले तोकिएको मितिभित्र रीतपूर्वकको अनलाइन आवेदन फाराम इन्ट्री भएका आवेदकहरू मध्येबाट निम्नानुसार योग्यताक्रम निर्धारण गर्ने ।

अ) प्रवेशिका परीक्षा वा एस.ई.ई. मा प्राप्त गरेको प्राप्ताङ्कलाई ६० प्रतिशत अङ्कभार प्रदान गर्ने ।

आ) कक्षा ८ मा प्राप्त गरेको प्राप्ताङ्कलाई ४० प्रतिशत अङ्कभार प्रदान गर्ने ।

इ) प्रा. एस.एल.सी. को हकमा प्रा. एस.एल.सी मा प्राप्त गरेको प्राप्ताङ्कलाई ६० प्रतिशत अङ्कभार र एस.ई.ई./एस.एल.सी/टेष्ट मा प्राप्त गरेको प्राप्ताङ्कलाई ४० प्रतिशत अङ्कभार प्रदान गर्ने ।

ई) बुँदा (अ) र (आ) वा (इ) मा प्राप्त गरेको अङ्कलाई जोडी उच्चतम अङ्क अनुसार योग्यताक्रम निर्धारण गरी भर्ना अनुमति नम्बर सहितको मुख्य उम्मेदवार, वैकल्पिक उम्मेदवार र उत्तीर्ण सूची तयार गर्ने । प्राप्ताङ्क तयार गर्ने तरिका यस प्रकार हुनेछः

**उदाहरण १**: कुनै विद्यार्थीले एस.ई.ई.मा जि.पि.ए. ३.८५ र कक्षा ८ मा जि.पि.ए. ३.५ प्राप्त गरेको छ भने सो को प्राप्ताङ्क यस प्रकार हुनेछः

(१) एस.ई.ई. को प्राप्ताङ्क निकाल्ने तरिका : जि.पि.ए. X २३.७५ = ३.८५ X २३.७५ = ९१.४४/१००X ६० = ५४.८६

(२) कक्षा ८ को प्राप्ताङ्क निकाल्ने तरिका : जि.पि.ए. X २३.७५ = ३.५० X २३.७५ = ८३.१३/१००X ४० = ३३.२५

(३) जम्मा प्राप्ताङ्क = ५४.८६+३३.२५ = ८८.११

**उदाहरण २**: कुनै विद्यार्थीले प्रा. एस.एल.सी. मा ८० प्रतिशत र एस.ई.ई.मा जि.पि.ए. ३.५० प्राप्त गरेको छ भने सो को प्राप्ताङ्क यस प्रकार हुनेछः

(१) प्रा. एस.एल.सी. को प्राप्ताङ्क निकाल्ने तरिका : प्राप्ताङ्क प्रतिशत/१०० X ६० = ८०/१००X ६० = ४८.००

(२) एस.ई.ई. को प्राप्ताङ्क निकाल्ने तरिका : जि.पि.ए. X २३.७५ = ३.५० X २३.७५ = ८३.१३/१००X ४० = ३३.२५

(३) जम्मा प्राप्ताङ्क = ४८.००+३३.२५ = ८१.२५

**यसरी सूची तयार गर्दा प्राप्ताङ्क बराबर भएमा निम्नानुसार कायम गर्ने ।**

उ) बुँदा (ई) अनुसारको प्राप्ताङ्क पनि बराबर भएमा एस.एल.सी. वा एस.ई.ई. को अनिवार्य गणितको उच्चतम अङ्क/ग्रेड/ग्रेडप्वाइण्ट प्राप्त गर्नेलाई पहिलो प्राथमिकतामा राख्ने ।

ऊ) बुँदा (उ) अनुसारको अङ्क पनि बराबर भएमा क्रमशः एस.एल.सी. वा एस.ई.ई. को अनिवार्य विज्ञान, अनिवार्य अङ्ग्रेजीमा प्राप्त गरेको उच्चतम अङ्क/ग्रेड/ग्रेडप्वाइण्टको आधारमा योग्यता सूची निर्धारण गर्ने ।

ए) बुँदा (ऊ) अनुसार पनि अङ्क बराबर भएमा सोही समूह भित्रका क्रमशः एकल महिला, महिला, दलित, आदिवासी/जनजाति, मुस्लिम, मधेशी, पिछडिएको दुर्गम क्षेत्रको आधारमा योग्यताक्रम सूची तयार गर्ने ।

च) सम्बन्धित परिषद्, प्रदेश कार्यालयले उपरोक्त विधिबाट नतिजा तयार गरी उच्चतम अङ्कको आधारमा आवेदकले प्राथमिकीकरण गरेको शिक्षालय अनुसार नतिजा प्रकाशन गरी भर्नाको लागि सिफारिस गर्ने साथै प्रदेश कार्यालय र परिषद्को वेबसाइटमा प्रकाशन गर्ने ।

## ७. अन्य जानकारीहरू :

क) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले प्रचलित कानूनले दण्डनीय काम गरेको ठहर भएमा छात्रवृत्तिको सुविधा स्वतः खारेज हुनेछ ।

ख) छात्रवृत्तिको योग्यताक्रम सूचीमा रहेका विद्यार्थी पूर्ण शुल्कीय कोटामा भर्ना भई रजिस्ट्रेशन कायम भए पश्चात छात्रवृत्ति कोटा रिक्त रहे तापनि छात्रवृत्तिमा स्थानान्तरण गरिने छैन ।

ग) बसाई सराई गरेका आवेदकको हकमा आवेदन फाराम भर्ने सूचना प्रकाशित भएको मितिले कम्तीमा ६ महिना अगाडि बसाई सराई भएको कागजात सम्बन्धित पालिकाबाट प्रमाणित भएको हुनुपर्नेछ ।

घ) यस छात्रवृत्ति कार्यक्रममा निर्देशिका बमोजिम योग्यता पुरा गरेका विद्यार्थीहरूले आफूलाई अध्ययन गर्न पायक पर्ने जुनसुकै प्रदेशबाट आवेदन फाराम भर्न सक्नेछन् तर छात्रवृत्ति छनोट आवेदन फाराम भरेको प्रादेशिक स्तरमा प्रतिस्पर्धाद्वारा योग्यताक्रम अनुसार हुनेछ ।

नोटः यस सूचनामा समावेश हुन नसकेका भर्ना सम्बन्धी प्रावधानहरू परिषद्को ऐन, नियम, विनियम तथा परिषद् प.नि.का. द्वारा जारी गरिएको "डिप्लोमा तथा प्रमाण-पत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ (तेस्रो संशोधन) बमोजिम हुनेछ । आवेदन फाराम भर्ने विद्यार्थी, अभिभावक तथा कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाहरूले उल्लेखित निर्देशिका परिषद्को वेबसाइट www.ctevt.org.np बाट डाउनलोड गरी अनिवार्य रूपमा अध्ययन गर्नुहुन सूचित एवं अनुरोध गरिन्छ । विद्यार्थीलाई भर्ना गराई अध्ययनको अवसर प्रदान गराइदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न चाहेमा त्यसप्रति पूर्ण सचेत रही भर्ना प्रक्रिया मर्यादित एवं निष्पक्ष रूपमा सञ्चालन गर्न गराउन सम्बन्धित विद्यार्थी, अभिभावक र सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ । साथै अन्य जानकारी आवश्यक परेमा परिषद्का प्रदेश कार्यालयहरू इटहरी, जनकपुर, हेटौंडा, पोखरा, बुटवल, वीरेन्द्रनगर, धनगढी र परिषद्को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

**परीक्षा नियन्त्रक**